# माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ५० औं** **मिति : २०८२/०२/२१**

आज मिति २०८२ साल जेठ २१ गते बुधबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्षुमन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री मनिमा भट्टराई | अधिकृत सातौं | | |
| १६ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १७ | | | | |
| १८ | | | | |

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ५० औं	मिति : २०८२/०२/२१

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्चयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८२ बैशाख ३० गते मंगलबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

साना सिंचाइ आयोजना संचालनको लागि समपूरक रकमको प्रतिवद्दता व्यक्त गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

कोशी प्रदेश सरकार खानेपानी सिंचाइ तथा उर्जा मंत्रालय जनशक्ति व्यवस्थापन शाखाको मिति: २०८२/०१/१७, प.सं. ०८१।८२ तथा च.नं. १२३२ को पत्रबाट आगामी आ.ब. ०८२।८३ मा संचालन गर्ने गरी तपशिल बमोजिमका सिंचाइ आयोजनाहरु छनौट भई आएको र उक्त आयोजनाहरु संचालनको लागि गाउँपालिकाको तर्फबाट लागत अनुमानको २०% समपूरक रकमको प्रतिवद्दताको लागि समेत अनुरोध भई आएको हुँदा सो बमोजिम समपूरक रकम सुनिश्चितताको लागि प्रतिवद्दता व्यक्त गर्ने निर्णय गरियो ।

| क्र.स | आयोजनाको नाम ठेगाना | लागत अनुमान(रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | मेवा खोला सिँचाइ आयोजना वडा नं.३ र ५ | २,७७३ | नयाँ |
| २ | त्वाङ्ग्रे खोला सिँचाइ आयोजना वडा नं.२ | ३,३५३ | नयाँ |
| ३ | हाङमायक सिँचाइ आयोजना वडा नं.१ | १,७०० | प्राकृतिक प्रकोप |
| ४ | लाम्पाते सिँचाइ आयोजना वडा नं.१ | ८७० | प्राकृतिक प्रकोप |
| ५ | मूल कुलो सिँचाइ आयोजना वडा नं.२ | १,६०७ | प्राकृतिक प्रकोप |
| ६ | आहाले दोभान सजवोटे सत्विसे सिँचाइ आयोजना वडा नं.२ | ५५० | प्राकृतिक प्रकोप |
| ७ | फेवा विकासे सिँचाइ आयोजना वडा नं.२ | ७७३ | प्राकृतिक प्रकोप |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ५० औं मिति : २०८२/०२/२१

**प्रस्ताव नं. ४**

किरात चोत्लुङ अङसिमाङगेना सेवा समिति माङसेबुङ ५ मार्फत वन तथा वातावरण सम्बन्धि कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४**

चालू आ.ब. ०८१।८२ मा संचालन गर्ने गरी वन तथा वातावरण शीर्षकमा रु १ लाख विनियोजन भएकोमा उक्त रकमबाट किरात चोत्लुङ अङसिमाङगेना सेवा समिति माङसेबुङ ५ बाट विभिन्न प्रजातिका फलफूलजन्य बोटविरुवा रोप्ने गरी प्रस्ताव प्राप्त भएकोले सो प्रस्ताव बमोजिम कार्यक्रम संचालन गर्ने/गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५**

नापी टोलीका लागि खाजा, खाना खर्च वापत छुट्टयाइएको रकम अपुग भएकोले थप गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी प्रमाण पुर्जा वितरणको लागि जग्गाको नापजाँच गर्न भूमि समस्या समाधान आयोगबाट खटिएका नापी टोली र अन्य कर्मचारी तथा जनप्रतिनिधीलाई खाना,खाजा र होटलवासको व्यवस्था गर्न सुकुम्बासी सम्बन्धी शीर्षकबाट रु २,६५,०००।- छुट्टयाइएकोमा उक्त रकम अपुग भएकाले रु २ लाख थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

तत्कालीन महिला स्वास्थ्य स्वयंसेविका रोमी राईको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. ६**

माङसेबुङ गाउँपालिका वडा नं.६ मा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका रोमी राईको मिति: २०८१/०७/०२ मा मृत्यु भएको र निजको परिवारको आर्थिक अवस्था समेत कमजोर हुँदा अन्य सहायता ( संघसंस्था, विरामी ) शीर्षकमा बाँकी रहेको रकम मध्येबाट निजको परिवारलाई रु २५,०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

कोटेशन तथा अमानत मार्फत काम गराउने सम्बन्धमा ।

**निर्णय नं. ७**

माङसेबुङ गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशनबाट संशोधन तथा स्वीकृत भएका तपशिल बमोजिमका आयोजनाहरु समय अभावको कारण उपभोक्ता समिति गठन गरी संचालन गर्न सकिने अवस्था नभएकोले कोटेशन बाट संचालन गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. मालबासे वाहिला रक्से सडक ग्राबेल- माङसेबुङ ६ रु-८,००,०००।-

२. मेवावेसी चुनीया गुरुआश्राम सडक ग्रावेल- माङसेबुङ ५ रु-८,००,०००।-

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

३. खर्वने वाधरे गंगटे सडक- माङसेबुङ ५ रु-४,००,०००।-

४.माल्टेनी खर्वनी सडक स्तर उन्नति -माङसेबुङ ६ रु-६,००,०००।-

५.अगौटेवारी खोल्माटाङ भिष्मे सडक वडा नं. २ रु-१०,००,०००।-

६.बाटो मर्मत-माङसेबुङ १ रु-३,००,०००।-

७.डोलटार खेलमैदान स्तरन्नति रु-६,००,०००।-

८.राजेन्द्र गाँउ हुदै माल्टेनीबगरे सडक (चंखे मार्ग) रु-८,००,०००।-

**प्रस्ताव नं. ८**

उद्यमशिलता कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ८**

चालू आ.व ०८१। ८२ मा कोशी प्रदेश सरकारवाट उद्यमशिलता तालिम कार्यक्रम शीर्षकमा विनियोजित रकम रु ४,००,०००।- वाट महिलाहरुको लागि HOME STAY तालिम तथा सो सम्वन्धि अध्ययन अवलोकन कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९**

शिक्षक दरवन्दी ( मिलान तथा व्यवस्थापन ) कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ९**

माङसेबुङ गाउँपालिका शिक्षा शाखावाट तयार भई पेश भएको शिक्षक दरवन्दी ( मिलान तथा व्यवस्थापन ) कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कार्यविधि वमोजिम गाउँ शिक्षा समितिको वैठक वसी तत्काल दरवन्दी मीलान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

श्री महिला गजुरमुखी वहुउद्देशीय सहकारी संस्थालाई रकम प्रदान गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

चालू आ.व ०८१। ८२ मा सहकारी सम्वन्धी कार्यक्रम शीर्षकमा विनियोजित रु ५ लाख र वेसार खेती प्रवर्द्दन कार्यक्रममा विनियोजित रु १,७५,०००।- समेत गरी रु ६,७५,०००।- वाट श्री महिला गजुरमुखी वहुउद्देशीय सहकारी संस्थाको तर्फवाट समेत न्यूनतम १०% वरावरको रकम लागत साझेदारी गर्ने गरी वेसार प्रशोधन गर्ने मेशीन खरिद तथा सो सँग सम्वन्धित अन्य व्यवस्थापन कार्यक्रम संचालन गर्ने गरी उक्त रकम रु ६,७५,०००।- श्री महिला गजुरमुखी वहुउद्देशीय सहकारी संस्थालाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

D.P.R स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११**

गाउँ कार्यापालिकाको कार्यालय माङसेबुङ र इरा इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि. काठमाण्डौं बीच माङसेबुङ गाउँपालिका वडा नं. १ स्थित सर्वशान्ति बुद्धविहारको मु.अ.कर वाहेक रु ४,३२,७४४।-

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

**माङसेबुङ गाउँपालिका, इलाम**

**गाउँ कार्यपालिकाको बैठक**

**बैठक संख्या : ५० औं** **मिति : २०८२/०२/२१**

मा डि.पि.आर गर्ने गरी मितिः २०८१।१२।१४ मा संझौता भएको र उक्त संझौता बमोजिम डि.पि.आर तयार भई यस कार्यालयमा प्राप्त भैसकेको हुँदा उक्त डि.पि.आर स्वीकृत गर्ने निर्णय गरियो ।

त्यसै गरी यस कार्यालय र कुमारी एण्ड सन इन्जिनियरिङ कन्सल्ट्यान्ट प्रा.लि टोखा काठमाण्डौं बीच मु.अ.कर बाहेक रु ४,३१,५००।- मा माङसेवुङ स्थित किरात याक्थुङ चुम्लुङ पार्कको डि.पि.आर तयार गर्न मितिः २०८१।१२।१९ मा संझौता भएको र उक्त सम्झैता बमोजिम डि.पि.आर तयार भई यस कार्यालयमा प्राप्त भैसकेको हुँदा उक्त डि.पि.आर समेत स्वीकृत गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*